# अनलाइनमार्फत् विदेशी सेवा आयात वापत
# विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने सम्बन्धी व्यवस्था

**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

२०७७ पुस

# विषयसूची


१. विषय प्रवेश ........ १

२. विद्यमान व्यवस्था ........ १

३. अनलाइनमार्फत् विदेशी सेवा आयात भुक्तानीको उपदेयता ........ १

४. प्रस्तावित व्यवस्था ........ २

५. राय, सुझाव, पृष्ठपोषण र प्रतिक्रिया ........ ४


Draft for Consultation

## १. विषय प्रवेश

आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाको बुँदा नं. ६६ मा देहायको विषय उल्लेख भएको :

"अनलाइनमार्फत् निश्चित रकमसम्म विदेशी वस्तु तथा सेवा आयात गरी सोको भुक्तानी गर्न विदेशी मुद्रामा सटही सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।"

## २. विद्यमान व्यवस्था

२.१ यस बैंकबाट जारी भएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र :१५/२०७६ को दफा २ को खण्ड (ग) को बुँदा नं. (७) मा बैंक तथा वित्तीय संस्थाहरूबाट जारी भएका डेबिट र क्रेडिट कार्ड धारक (होल्डर) हरूले नेपालभित्रै बसी नेपालमै उपभोग गर्ने उद्देश्यले वार्षिक २,००० (दुई हजार) अमेरिकी डलरसम्म नेपालको प्रचलित कानूनबाट प्रतिबन्ध नलगाइएका विदेशी सेवा अनलाइन मार्फत् विदेशबाट खरीद गर्न सक्ने व्यवस्था रहेको।

२.२ उपर्युक्त व्यवस्था बाहेक नेपाली उपभोक्ताहरुले नेपालमै बसेर अनलाइन माध्यमबाट सेवा खरिद गर्न सक्ने व्यवस्था नभएको तथापी यस बैंकबाट जारी भएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र: ०७/२०७६ को दफा ९ र एकीकृत इ.प्रा. परिपत्र: १२/२०७६ को अधीनमा रही वाणिज्य बैंकहरुले आफ्ना ग्राहकहरुको तर्फबाट तेस्रो मुलुकहरुबाट लिएको सेवाको भुक्तानीको लागि अमेरिकी डलर ३ हजार वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको सटही सुविधा उपलब्ध गराउन सक्ने र अमेरिकी डलर ३ हजार देखि अमेरिकी डलर १० हजारसम्मको नियामक निकायको सिफारिसमा सटही सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था रहेको।

## ३. अनलाइनमार्फत् विदेशी सेवा आयात भुक्तानीको उपदेयता

३.१ नेपालस्थित बैंक तथा वित्तीय संस्थाहरुले सेवा आयातबापतको भुक्तानीको लागि यस बैंकद्वारा जारी विभिन्न परिपत्रहरुको अधीनमा रही सटही सुविधा प्रदान गर्ने गरेको। प्रविधिको बढ्दो प्रयोगले विभिन्न सेवाहरु घरमै बसी खरिद गर्न सकिने र स-साना प्रकृतिका भुक्तानीलाई सरलीकृत नगरिएमा उक्त सेवा आवश्यक पर्ने सेवाग्राहीले विदेशमा भएका आफन्त, साथीभाईहरुको बैंक खाता, PayPal, Payoneer लगायतका माध्यमबाट भुक्तानी हुने प्रवृत्तिले गर्दा Digital Hundi ले प्रश्रय पाउन सक्ने।

Draft for Consultation

३.२ पछिल्लो समयमा विज्ञापनहरु फेसबुक, ट्विटर जस्ता सामाजिक सञ्जाल तथा युट्युब, गुगल लगायत अन्य सूचना प्रविधिको माध्यमबाट गरिने प्रचलन बढ्दै गएको र साको भुक्तानी अनलाइनबाट विदेशी मुद्रामा भुक्तानी गर्नुपर्ने देखिएको ।

३.३ अन्तर्राष्ट्रियस्तरका तालिम तथा ज्ञान प्राप्त गर्न, सूचना प्रविधिसँग सम्बन्धित Product Development को लागि चाहिने कुनै सफ्टवेयर/सेवा खरिद गर्न, Domain Registration तथा Web Hosting गर्न मात्र नभई स्वस्थ्य र निरोगी रहन सहयोग पुराउने विभिन्न एपहरु (Apps) को Subscription गर्न समेत सानोतिनो रकमको विदेशी मुद्रा भुक्तानी गर्न सहज बनाउनुपर्ने देखिएको ।

३.४ अनलाइनमार्फत् सेवा आयातलाई वैधता दिँदा विद्युतीय कारोबारले औपचारिकता प्राप्त गरी Digital Economy लाई सहयोग पुग्न जाने देखिएको ।

३.५ सबै क्षेत्र तथा जुनसुकै प्रयोजनको लागि विदेशी मुद्राको सटही सुविधाको व्यवस्था गर्दा देशको विदेशी विनिमय सञ्चितिमा अधिक चाप पर्न सक्ने हुँदा वाणिज्य बैंकहरुले आफ्ना ग्राहकहरुलाई सशर्त सटही सुविधा उपलब्ध गराउन वाञ्छनीय भएको ।

अत: विदेशबाट विभिन्न सेवाहरु खरिद गरेबापत स-साना प्रकृतिका रकम सहजताका साथ भुक्तानी गर्नसक्ने व्यवस्था नहुँदा पुँजी पलायन हुनसक्ने, हुण्डिले पश्रय पाउन सक्ने तथा राज्यले कर गुमाउनुका साथै छाँया अर्थतन्त्र (Shadow Economy) मौलाउन सक्ने जोखिम देखिएकोले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाको बुँदा नं. ६६ मा भएको व्यवस्था कार्यान्वियन गर्न उपर्युक्त बमोजिमका बुँदाहरुलाई समेटेर आवश्यक व्यवस्था गर्न मनासिव देखिन्छ ।

## ४. प्रस्तावित व्यवस्था

इजाजतपत्रप्राप्त वाणिज्य बैंकहरुले अनलाइनमार्फत् विदेशबाट सेवा आयातबापतको भुक्तानी गर्ने प्रयोजनका लागि देहायका शर्तहरुको अधीनमा रही सेवा आयातबापतको विदेशी मुद्राको भुक्तानी गर्न अधिकतम अमेरिकी डलर ५०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सक्नेछन्:

१. परिवर्त्य विदेशी मुद्राको प्रिपेड कार्ड लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको बैंक खातामा रहेको नेपाली रुपैयाँलाई सटही गरी त्यस्तो कार्ड जारी गर्न सकिनेछ । कार्ड जारी गर्दा सम्बन्धित प्रयोगकर्ताको केवाइसी (KYC) विवरण अद्यावधिक भएको हुनुपर्नेछ र सम्बन्धित प्रयोगकर्ताको स्थायी लेखा नं. (PAN) लिनुपर्नेछ ।



Draft for Consultation

२. वाणिज्य बैंकहरुले त्यस्ता कार्डमा उक्त दिनको विनिमय दरका हिसावले ग्राहकको अनुरोधमा बढीमा अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा जम्मा गर्न सक्नेछन् । वाणिज्य बैंकहरुले कार्डमा विदेशी मुद्रा जम्मा गर्दा उक्त रकममा विदेशबाट सेवा खरिद गर्दा नियमानुसार लाग्ने कर अग्रिम रुपमा कट्टा गरी जम्मा गर्नु पर्नेछ ।

३. प्रयोगकर्ताले यस्तो सुविधा एक वर्षमा एकै वा पटक पटक गरी बढीमा अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म उपभोग गर्न पाउनेछन् ।

४. प्रयोगकर्ताले नेपालको प्रचलित कानूनबाट प्रतिबन्ध नलगाइएका विदेशी सेवा नेपालमा बसी Online मार्फत् विदेशबाट आयात गर्न सक्नेछन् ।

५. प्रयोगकर्ताले अघिल्लो पटकसम्म अमेरिकी डलर ५०० वा सो वरावरको परिवर्त्य विदेशी मुद्राभन्दा कम सटही गरेको भए वाणिज्य बैंकहरुले जुनसुकै वेला वार्षिक अमेरिकी डलर ५०० को सीमा ननाघ्ने गरी बाँकी रकम कार्डमा जम्मा गर्न सक्नेछन् ।

६. जम्मा गरिएको रकम उपभोग गरी प्रयोगकर्ताले कम्तिमा पनि सोको दोब्बर विदेशी मुद्रा आय आर्जन गरेको प्रमाणित कागजात पेश गरेमा वाणिज्य बैंकवाट आवश्यकता र औचित्यका आधारमा उक्त कार्डमा थप रकम जम्मा गर्न सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

७. प्रिपेड कार्डको सुविधा लिन आउने ग्राहकबाट अन्य बैंकबाट यस्तो सुविधा नलिएको स्वघोषणा अनिवार्य रुपमा लिनुपर्नेछ ।

८. प्रिपेड कार्डमा विदेशी मुद्रा जम्मा गर्दा अन्य व्यक्तिको नाममा र अन्य कसैको कार्डमा विदेशी मुद्रा जम्मा गर्न पाइने छैन ।

९. कथंकदाचित ग्राहकले एकभन्दा बढी बैंकबाट यस्तो सुविधाको दोहोरो उपयोग गरेको पाइएमा त्यस्ता ग्राहकलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन बमोजिम कारबाही हुनेछ ।

१०. यस्तो कारोवार गर्दा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लगायतका प्रचलित कानून, नियम, निर्देशनको पूर्णतया पालना गर्नु पर्नेछ ।

११. यसरी जारी गरिएको कार्ड सम्बन्धी विवरण र सो कार्डबाट खर्च भएको विवरण सम्बन्धित वाणिज्य बैंकले देहायको ढाँचामा मासिक रुपमा प्रत्येक महिना समाप्त भएको सात दिन भित्र यस विभागमा पेश गर्नु पर्नेछ ।

Draft for Consultation

## विवरणको ढाँचा

.............बैंक लि.
जारी गरिएको प्रिपेड कार्ड सम्बन्धी विवरण
.................(महिना, साल)

| क्र.सं. | खातावाला ग्राहकको नाम र ठेगाना | कार्ड जारी भएको मिति | कार्ड Issuer (Visa, Mastercard etc.) | जम्मा भएको परिवर्त्य वि.मु. | खर्च भएको जम्मा परिवर्त्य वि.मु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## ५. राय, सुझाव, पृष्ठपोषण र प्रतिक्रिया

प्रस्तावित व्यवस्थाका सम्बन्धमा सबै सरोकारवाला व्यक्ति तथा निकायहरुसँग आवश्यक राय, सुझाव, पृष्ठपोषण र प्रतिक्रिया लिने निर्णय भएको हुँदा सोही बमोजिम यस मस्यौदा माथि सम्बन्धित सबैको राय, सुझाव, पृष्ठपोषण तथा प्रतिक्रिया तपसिलमा उल्लेख भए बमोजिम ठेगानामा उपलब्ध गराउन अनुरोध छ ।

**तपसिलः**

| | |
|---|---|
| १. राय/सुझाव उपलब्ध गराउने ठेगानाः | **नेपाल राष्ट्र बैंक**<br>**केन्द्रीय कार्यालय**<br>**विदेशी विनिमय व्यवस्थापन विभाग,**<br>बालुवाटार, काठमाण्डौं ।<br>इमेलः fxmd_policy@nrb.org.np |
| २. राय/सुझाव उपलब्ध गराउने समयसीमाः | २०७७ पुस मसान्त |
| ३. सम्पर्कः | १) **निर्देशक श्री रमेश आचार्य**<br>नेपाल राष्ट्र बैंक<br>विदेशी विनिमय व्यवस्थापन विभाग<br>मोबाइलः ९८५११३३९३९<br>इमेलः racharya@nrb.org.np<br>२) **उप-निर्देशक श्री मणि राज श्रेष्ठ**<br>नेपाल राष्ट्र बैंक<br>विदेशी विनिमय व्यवस्थापन विभाग<br>मोबाइलः ९८४१७०९१३७<br>इमेलः manishrestha@nrb.org.np<br>३) **सहायक निर्देशक श्री प्रसन्न पौडेल**<br>नेपाल राष्ट्र बैंक<br>विदेशी विनिमय व्यवस्थापन विभाग<br>मोबाइलः ९८४१६९५१७४<br>इमेलः prasanna@nrb.org.np |

Draft for Consultation